# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ १३ गते ०९ साल

## भाग ३

## उद्योग र वाणिज्य तथा खाद्य विभागको विज्ञप्ति

सदर चारभन्ज्याङ भित्रलाई अब थप बन्दोबस्त गर्नुपर्ने अन्दाज भएको चामल मन ८०,००० असी हजारसम्म मध्येश तराईतर्फबाट आफ्नै पूँजी लगाई खरीद गरी ल्याई बिक्री गर्न सक्ने र इच्छा हुने कोही भए सो काम साहु महाजन व्यापारीबाटै गराउने समेत निर्णय भएकोले सो कुरा सर्वसाधारणलाई विदित हवस भन्ना निमित्त यो विज्ञाप्ति प्रकाशित गरिएको छ। तपसीलका सतमा सो काम गर्न सक्ने र इच्छा हुनेले तपसीलबमोजिम खुलाउनु पर्ने कुरासमेत प्रष्ट खुलाई रीतपूर्वक सहीछापसमेत गरी बाहिर खाममा चामल बिक्रीको टेण्डर भन्ने जनाई ०९ साल माघ २९ गते भित्रमा डाइरेक्टर खाद्यविभाग सिंहदरवारको ठेगानामा दाखिल भई सक्ने गरी हुलाकमार्फत रजिष्टरी गरी सिल टेण्डर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पठाउनु होला र श्रीशाही परामर्शदाताका समक्ष सो टेण्डर खोली निर्णय हुँदा जो मुनासिब ठहर्ला सोबमोजिम हुनेछ बेरीत र म्याद नाघेपछि आएका टेण्डरबाट कारवाई हुने छैन ।

तपसील

१ सो चामल नेपाल चारभन्ज्याङ औ पहाड जिल्ला बाहेक मध्येश तराईतर्फबाट मात्र खरीद गरी ल्याउने । भारततर्फबाट खरीद गरी ल्याए पनि हुने ।

२ सरकारतर्फबाट पेस्की नपाउने । आफैले पूँजी लगाई ल्याउनु पर्ने ।

३ सो चामल १० साल वैशाखदेखि मात्र रोपबाट चलाउन पाउने र यहाँ ल्याएपछि राख्नलाई गोदामको प्रबन्ध सरकारबाट हुनेछ तर जिम्मा महाजन कै हुनेछ ।

४ अन्दाज भएको चामल मन ८०,००० असी हजारसम्म सबै एउटैले ल्याउन पनि पाउने , सबै नसक्नेले १० हजार मनमा नघटाई र चानचुन नपर्ने गरी १०।२०।३० हजार यस्तै परीमाणले मनसम्म जति जति ल्याउन सक्ने हो उतिको टेण्डर दिनुपर्छ ।

५ सो चामल १० साल जेष्ठदेखि आश्विन अथवा कार्तिक मसान्तसम्ममा सरकारबाट तोकी दिएको नियम र बन्दोबस्तबमोजिम बिक्री गर्नुपर्छ ।

६ सो चामल काठमाडौं ल्याई पुर्‍याउँदासम्मको सबै खर्च लगाई सबैभन्दा किफायत कतिसम्म पर्ता पर्नेगरी ल्याउनु सक्ने हो खुलाई लेख्नुपर्छ ।

७ सो चामलमा पर्ने ६ दफा बमोजिमको पर्ताको व्याज र मुनफासमेत बापतमा सो पर्ताको वार्षिक १० प्रति सतका हिसाबले सरदर ६ मैन्हालाई पर्ने अंक थपी बिक्री दर कायम गरी दिइनेछ ।

८ सो दफा ७ को दरभन्दा सस्तो पर्नेगरी सरकारबाट दर तोकी दिएमा सो बढि पर्न गए जति सरकारतर्फबाट भर्ना दिइनेछ ।

९ भारततर्फबाट खरीद गरी ल्याउने वा भारतको बाटो गरी ल्याउनेमा समेत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बायगनको निमित्त सरकारबाट सिफारीसको लेखापढी सम्म गरी दिइनेछ। सो लेखापढी भएकोमा महाजन आफैले कोसिस पैरवी गरी बायगनको बन्दो बस्त मिलाई सक्नुपर्छ। वायगन पाइन भनी कामबाट फुर्सत पाउन सक्ने छैन, एन. जी. आर. र रोपवेको हकमा उचित प्रबन्ध सरकारबाट हुनेछ।

१० सो चामल ३ दफाबमोजिम काठमाडौं चलान गरी ल्याउँदा आफ्नु कबुल अंक जम्माको मैन्हाको दामासाहीले पर्ने अंकमा नघटाई रोपबाट आउन सक्नेसम्म हरेक मैन्हामा ल्याउनु पर्छ।

११ आफूले कबुल गरेका चामलको कबुल दरले हुने जम्मा मोलको ५ प्रतिशत नगदी नै डिपोजिट वा सोबमोजिम अड्डाले पत्याएको माथवर धन जमानी दिनुपर्छ।

१२ यो काम कबुल गर्नेले काम शुरु नै नगरी वा बीचमा काम छाडेमा ल्याउनु पर्ने टाइममा ल्याउन नसकी हर्जा खतडा पारेमा डिपोजित जफत र धन जमानी रहेकोमा सोबमोजिम बुझाउनु पर्नेछ र अरू बेहिसाब गरेमा समेत ऐन सवालमा खुलेकोमा ऐन सवालबमोजिम र नखुलेकोमा निर्णयबाट ठहरे बमोजिम हुनेछ।

१३ टेण्डरमा नाम, थर, वतन र डेरा गरी बसेको भए सो पनि औ पेशा समेत खुलाउनुपर्छ। माथि दफामा लेखिएको सर्तमा हेर फेर घटिबढी पारी लेखिए-को सर्त मन्जूर हुनेछैन।

नोटः— टेण्डरमा रु १। को टिकट टाँसिएको हुनुपर्छ। टेण्डर खुल्ने २००६ फागुन २ गतेको दिन १२ बजे देखि नै उद्योग वाणिज्य खाद्य सिभिल सप्लाइज विभागमा उपस्थित भई रहनुपर्छ।

नीरराज,— सेक्रेटरी,
उद्योग र वाणिज्य तथा खाद्य विभाग.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२६